# नेपाल मेडिकल काउन्सिलको स्थायी दर्ता प्रमाणपत्र (Permanent Registration) का लागि दरखास्त आवेदन गर्दा पूरा गर्नुपर्ने विधिहरु

नेपाल मेडिकल काउन्सिलको अस्थायी दर्ता प्रमाणपत्र (Permanent Registration) का लागि आवेदन दिँदा तपशील बमोजिमको प्रक्रिया पुऱ्याउनु पर्नेछ :

१. नेपाल मेडिकल काउन्सिलको वेवसाइट www.nmc.org.np खोली दाँया सिरानमा भएको login/sing up थिचेर आवश्यक विवरण भरी sign up गर्ने ।

२. sign up गरेपछि आफ्नो मोबाईलमा आएको OTP code राखी रुजु गर्ने । तपाईंको user ID मोबाईल नम्बरका आधारमा तयार हुनेछ ।

३. त्यसपछि आफ्नो user ID मा मोबाइल नम्बर र password राखी log in गर्ने । log in गरेपछि PROFILE पाना खुल्दछ ।

४. PROFILE पानामा दिईएका बिकल्पहरु अस्थायी दर्ता/स्थायी दर्ता/विशेषज्ञ दर्ता/परीक्षा आवेदन मध्ये आफुलाई आवश्यक बिकल्प स्थायी दर्ता (permanent registration) छानीसके पछि खुलेको फाराममा क्रमश: राख्नुपर्ने आवश्यक विवरणहरू गल्ति नगरी भर्ने, प्रमाणपत्रहरु scan गरेर तोकिएको ठाउँमा attach गर्ने र submit गर्ने ।

५. दरखास्त शुल्क eSewa को माध्यमबाट तिर्ने । eSewa account हुनेको हकमा आफ्नो account log in गरि तिर्ने र eSewa account नहुनेले pay later मा click गरी प्राप्त token number लिई अन्य कसैको eSewa account बाट token number राखि दस्तुर तिर्ने ।

६. काउन्सिल admin बाट फाराम verify भएको जानकारी एस.एम.एस.बाट प्राप्त भएपछि प्रमाणपत्र बन्ने प्रकृया सुरुहुन्छ ।

७. प्रमाणपत्र तयार भएको जानकारी एस.एम.एस.बाट पठाईनेछ । तोकेबमोजिमको समयमा सक्कल कागजातहरू लिई आफ्नो प्रमाणपत्र लिन काउन्सिलमा सम्पर्क गर्ने ।




Login
Username (Mobile Number)
Password
REMEMBER ME
SIGN IN
Not Registered yet? Sign Up
Forgot Password?
Sign Up
Full Name
Full Name
Username (Mobile Number)
superadmin@nmc.org.np
Email
Email
Password
Password Confirmation
Confirm Password
REGISTER
Already have account? Sign In
Enter the OTP code that is sent to your email, or to your mobile number.
CONFIRMATION CODE
Submit
Profile
Temporary Registration
Permanent Registration
Special Registration
Apply Exams
Change Password
Logout

**स्थायी दर्ता प्रमाणपत्र प्राप्त गर्नका लागि कार्यालयमा बुझाउनुपर्ने/रुजु गराउनुपर्ने कागजपत्रहरू**

*क)* *सक्कल प्रमाणपत्र/कागजपत्र*

- छात्रबृत्तिमा अध्ययन गरेको भए फुकुवा पत्र
- दुई बर्षको अनुभवको प्रमाणपत्र वा स्वयं घोषित पत्र
- नेपाल मेडिकल काउन्सिलले प्रदान गरेको अस्थायी दर्ता प्रमाणपत्र
- दर्ताका लागि आवश्यक आवेदन फारम, कबुलियतनामा, प्रतिज्ञापत्र भरिएको फारम

*ख)* *स्थायी दर्तावाल चिकित्सकबाट प्रमाणित प्रतिलिपीमा सक्कल बमोजिम नक्कल ठीक छ भनि आफैले समेत प्रमाणित गरेको फोटोकपीहरु १/१ प्रति*

- अध्ययन गरेको कलेज वा विश्वविद्यालयबाट छात्रबृत्ति वा नीजि वा कुन समुह अन्तर्गत अध्ययन गरेको हो सो को प्रमाणपत्र
- छात्रबृत्तिमा अध्ययन गरेको भए फुकुवा पत्र
- दुई बर्षको अनुभवको प्रमाणपत्र वा स्वयं घोषित पत्र

*ग)* *अन्य कागजपत्रहरु*

- eSewa बाट भुक्तानी गरेको payment statement २ प्रति
- विवरण भरेपछि तयार भएको नमुना प्रमाणपत्र
- दर्ता प्रमाणपत्र परीक्षाको अनलाईन आवेदन दिंदा अपलोड गरिएको पासपोर्ट साईजको फोटो ३ प्रति ।

**थप जानकारी**

- अपलोड गर्नुपर्ने कागजात २ एमबी भन्दा सानो साईजमा कलर स्क्यान गरेको हुनुपर्नेछ । श्याम-स्वेत रंगको, फोटो खिचेर पठाएको, चौकुना नमलिको, अस्पष्ट, बांगोटिंगो प्रमाणपत्र मान्य हुनेछैन ।
- प्रमाणपत्र तयार भएपछि प्रमाणपत्र लिन एस.एम.एस.बाट जानकारी गराइनेछ ।
- काउन्सिलबाट जारी हुने प्रमाणपत्र लिनको लागि सम्बन्धित चिकित्सक स्वयं उपस्थित हुनुपर्नेछ । प्रमाणपत्रमा सम्वन्धित चिकित्सकको नमूना हस्ताक्षर नभईकन प्रमाणपत्र उपलब्ध गराइने छैन ।
- नमुना प्रमाणपत्रमा गल्ती देखिएमा आँफैले सच्याउन सकिनेछ । तर रुजु भएको प्रमाणपत्र काउन्सिलबाट तयार भएपछि प्रदान गरिएको प्रमाणपत्र सच्याउनु परेमा रु. १,०००।- (रु. एकहजार) दस्तुर लाग्नेछ ।
- व्यक्तिको तस्विर : छ महिना भित्र खिचेको, रंगिन र डिजिटल रुपमा प्रशोधन वा परिवर्तन नगरेको, दुबै कान देखिने गरी सिधा क्यामरामा हेरेको, मुहारको हेराई प्राकृतिक भएको, प्राकृतिक वाहेक कुनै दाग नभएको, आँखा खुला हुनुको साथै स्पष्ट देखिने । यदि चस्मा लगाउनु पर्ने भएमा चस्माको फ्रेम पातलो र हलुका रंगको हुनुको साथै आँखा स्पष्ट देखिने र नटल्किएको । विशेष धार्मिक कारण बाहेक टाउको खुला भएको र गहना नलगाएको, तस्विरको पृष्ठभूमि साधा र हलुका रङ्ग भएको तथा बोर्डर नभएको । मुहारमा समानुपातिक

रुपले उज्यालो भएको, छाँया नपरेको, प्रकाश ठीक मात्रामा भएको र फ्ल्यसका कारण आँखा रातो नभएको र फोकस मिलेको । तस्विरको साईज निम्नानुसार भएको ।




डिजिटल फोटो भए : आयताकार १२००×१२०० पिक्सेलको sRGB रंगिन, JPEG फर्म्याटमा २४० किलोबाईट भन्दा ठूलो वा उत्रै साईजको हुनुपर्ने छ ।